जल तथा ऊर्जा उपभोक्ता महासङ्घ, नेपाल (वाफेड) द्वारा आयोजित
"नयाँ नेपालमा जलस्रोत तथा ऊर्जा विकास: अवसर र चुनौती"
विषयक राष्ट्रिय परामर्श कार्यक्रमबाट पारित

# नयाँ नेपालमा जलस्रोत तथा ऊर्जा विकासका निमित्त

# घोषणापत्र

२०६५ जेठ ५, काठमाडौँ

१. संविधानसभाको निर्वाचनपश्चात् देश सङ्घीय राज्यप्रणालीमा प्रवेश गर्ने कुरा निश्चित छ । अब नयाँ नेपाल पक्कै बन्छ भन्ने कुरामा आमजनता ढुक्क छन् । जनताले नयाँ नेपाल बनाउने जिम्मेवारी प्रमुखरूपमा नयाँ राजनीतिक शक्तिलाई सुम्पेका छन् । यसै सन्दर्भमा नयाँ बन्ने सङ्घीय राज्यका स्रोतहरूलाई विगतका राजनीतिक शक्ति र सरकारहरूले जस्तै नयाँ उदीयमान राजनीतिक शक्तिले पनि सदुपयोग नगर्ने हो भने नयाँ नेपाल त के पुरानै थोत्रो नेपाल पनि बाँकी रहन्छ कि रहँदैन भन्ने बारेमा विचार गर्नुपर्ने हुन्छ । तर पुराना राजनीतिक शक्तिहरूको हविगत देखिसकेका नयाँ शक्तिहरूले यस्तो काम अवश्य गर्ने छैनन् भन्ने कुरा विश्वास गर्नसकिन्छ ।

२. विगतमा सरकार तथा प्रतिपक्षमा बस्ने नेतृत्वतहका गलत नीति र स्वार्थका कारण नेपालमा जलस्रोतको क्षेत्रमा उल्लेखनीय कार्यहरू हुनसकेनन् । राष्ट्रियहितभन्दा पनि व्यक्तिगत तथा भारतीय स्वार्थलाई विशेष ध्यान दिएर जलस्रोतसम्बन्धी दीर्घकालीनरूपमा नकारात्मक असर पार्ने विवादास्पद सन्धिसम्झौताहरू सम्पन्न भए । ती सन्धिसम्झौताहरूबाट राष्ट्र र आमजनतालाई फाइदाभन्दा बर्बादी भयो । भारत बिना हामी बाँच्न सकिँदैन भन्ने भ्रम फिँजाएर देशलाई सधैँ नवऔपनिवेसिक अवस्थामा सिर्जना गरिएको छ । कोशी, गण्डक र महाकाली हुँदै जलस्रोतका क्षेत्रमा भएका राष्ट्रघातहरूको सिलसिला अहिले नयाँ शिरामा प्रवेश भएको छ । पश्चिमसेती हुँदै माथिल्लोकर्णाली, अरुण-३ र बुढीगण्डकी आयोजनाहरूका बारेमा भारत सरकारसँग सोझै सम्झौता गर्दा व्यापक आलोचना र विरोध हुने भएपछि अहिले सरकारी तथा गैरसरकारी जलमाफियाहरूले नयाँ रणनीति अख्तियार गरेका छन् । उनीहरू सरकारी तथा निजी कम्पनीमार्फत् यस्ता आयोजनाहरू भारतलाई सुम्पने कार्यमा लागेका छन् । यसले गर्दा कम्पनीमार्फत् हुने सम्झौता र करारका विषयमा आवाज उठाउन र मुद्दामामिला गर्न पनि कठिनाइ उत्पन्न भइरहेको छ ।

३. अहिलेसम्म सरकारसँग जलविद्युत्को आवश्यकता र विकासका सम्बन्धमा कुनै स्पष्ट कार्ययोजना छैन । हामीलाई भविष्यमा चाहिने पानी र बिजुलीको अनुमान र लेखाजोखा पनि छैन । अघि बढाइएका तथा निर्माण सम्पन्न आयोजनाहरू भ्रष्टाचार र कमिसनका आहालमा डुबाएका कारण ती आयोजनाहरूले नेपाली जनतालाई राहत दिनुको साटो ऋणभार, अभाव र पीडामात्र थप्ने काम भएको छ र उनीहरूको जीवनस्तरमा खासै सुधार आउनसकेको छैन ।

४. नेपाल कृषिप्रधान देश भएर पनि पर्याप्त सिँचाइ सुविधा उपलब्ध हुनसकेको छैन । आकाशे पानीको भरमा खेती गर्नुपर्ने अवस्था छ । करिब ८० प्रतिशत किसानहरू भएको देशमा कृषिमा गरिएको लगानीको प्रतिफल नगण्य छ । सबै कृषकहरूलाई आफ्नो उत्पादनबाट खानपुग्दैन । कृषिक्षेत्रमा आधुनिकीकरण तथा व्यवसायिकीकरण हुनसकेको अवस्था छैन । आज नेपालमा ६ हजारभन्दा बढी नदीनाला भएर पनि आवश्यकता र प्राथमिकताअनुसार तिनको सपदुयोग भइरहेको छैन । जलस्रोत र ऊर्जामा आधारित विकास र निर्माणको अभावमा नेपालीहरू धमाधम विदेशतिर पलायन हुँदैछन् । नेपालको अथाह जलस्रोतको यथाशक्य उपयोग गर्ने नीति, योजना र कार्यक्रम पनि छैन । नेपालको मुख्य प्राकृतिक स्रोत जलसम्पदा हो भन्ने कुरा सबैले स्वीकार गरे तापनि सोहीअनुसारका कामहरू भने भएका छैनन् । भावी सङ्घीय एवम् स्वायत्त राज्यप्रणालीअन्तर्गत विकास र उपयोग हुनुपर्ने स्रोतहरू अन्तरिम केन्द्रीय सरकारका तर्फबाट धमाधम विभिन्न जलमाफियाहरूको [illegible]को

**pdfMachine**
**A pdf writer that produces quality PDF files with ease!**
Produce quality PDF files in seconds and preserve the integrity of your original documents. Compatible across nearly all Windows platforms, if you can print from a windows application you can use pdfMachine.
Get yours now!

अवस्थामा नवोदित राजनेताहरूले जलस्रोत तथा ऊर्जा विकासका लागि नयाँ अवधारणा अघि ल्याउन जरुरी छ । यस्ता कुनै पनि अवधारणा तथा योजनामा जल, जङ्गल र जमीनमाथि स्थानीय जनताको अग्राधिकार कायम गरिनुपर्दछ ।

५ प्राकृतिक स्रोतसम्बन्धी सबै परियोजनाहरू पारदर्शीपूर्ण ढङ्गले जन-लेखा परीक्षण प्रणाली अपनाई वार्षिकरूपमा सार्वजनिक गर्ने परम्पराको थालनी गरिनुपर्दछ

## ६. हाम्रा नीतिगत अडान र मान्यताहरू

(क) नेपालको जनसंख्या, आवश्यकता र प्राथमिकताका आधारमा कृषि, उद्योग, यातायात, वातावरण र विकासका लागि चाहिने खानेपानी, सिँचाइ र विद्युत्सम्बन्धी आयोजनाहरूको सर्वेक्षण, पहिचान तथा कार्यान्वयन गर्नुपर्दछ । यस्ता आयोजनाहरूको कार्यान्वयन गर्दा निजीकरण र व्यापारीकरणको सट्टा सरकारीकरण, सहकारीकरण र सामुदायिकीकरण प्रणालीलाई उच्च प्राथमिकता दिइनुपर्दछ ।

(ख) नेपाल र नेपालीहरूले आफ्नै नेतृत्व र लगानीमा निर्माण गर्नसक्ने आयोजनाहरूलाई उच्च प्राथमिकता दिइनुपर्दछ । गोरखा सैनिक तथा प्रवासी नेपाली समुदायमा सञ्चित पुँजीलाई राष्ट्रनिर्माणमा लगाउनका निमित्त विशेष ऐन र लगानी कोषहरू तर्जुमा गरिनुपर्दछ ।

(ग) विदेशी लगानी आवश्यक पर्ने ठूला आयोजनाहरूका हकमा स्पष्ट नीति, योजना र मापदण्डहरू निर्धारण गरिनुपर्दछ ।

(घ) आम नेपालीले चौतर्फीरूपमा प्रयोग गरिसकेपछि बचेको बिजुली के कसरी निर्यात गर्ने तथा त्यसरी प्राप्त आम्दानी कहाँ र कसरी विनियोजन गर्ने भन्ने बारेमा स्पष्ट योजना हुनुपर्दछ ।

(ङ) सङ्घीय राज्यका स्रोतहरूलाई उनीहरूको पूर्वसहभागिता र सहमति बिना प्रयोग गर्न नपाइने कानुनी प्रावधान गरिनुपर्दछ ।

(च) नदीनाला तथा खोलाहरू आयोजना निर्माण गर्ने नाममा स्थानीय निकाय र सम्बन्धित समुदायसँगको सामुहिक परामर्श र अग्रीम निर्णय बिना कसैलाई पनि अनुमतिपत्र (लाइसेन्स) दिने कार्य तत्काल बन्द गरिनुपर्दछ । हालसम्म हचुवाका भरमा कमिसन र भ्रष्टाचारको प्रभावमा परी अपारदर्शी ढंगले वितरण गरिएका सम्पूर्ण अनुमतिपत्रहरू रद्द गरी नयाँ कानुनी मापदण्डका आधारमा स्थानीय जनसमुदाय, स्थानीय निकाय र राष्ट्रिय हित सुनिश्चित हुने गरी नयाँ किसिमले अनुमतिपत्र वितरण गर्ने व्यवस्था हुनुपर्दछ । यसरी अनुमतिपत्र दिँदा प्राकृतिक स्रोतको सामुदायिक एवम् सहकारीजन्य व्यवस्थापनको सिद्धान्तका आधारमा स्थानीय समुदाय तथा तिनका सहकारी संस्था र कम्पनीहरूलाई पहिलो प्राथमिकता दिइनुपर्दछ । निर्धारित समयावधिभित्र आयोजना सम्पन्न नगर्ने व्यक्ति तथा कम्पनीहरूका अनुमतिपत्र स्वतः बदर हुने व्यवस्था हुनुपर्दछ ।

(छ) प्राथमिकताका आधारमा खानेपानी, सिँचाइ र बिजुलीलगायत जलयात्रा तथा अन्य आयमूलक जलक्रिडाका लागि नदीहरूको संरक्षण र सदुपयोग गरिनुपर्दछ ।

(ज) आयोजनाको प्रतिफलबापत कूल उत्पादनमा आधारित आयको कम्तिमा पनि १२ प्रतिशत रकमको ५० प्रतिशत सोझै स्थानीय प्रभावित क्षेत्र र निकायसमक्ष पुग्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

(झ) आयोजनाबाट प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा प्रभावित क्षेत्र र जनतालाई उचित मुआब्जा, क्षतिपूर्ति र पुनर्स्थापनको व्यवस्था गर्दै आयोजनामा सहुलियतमा उनीहरूको प्रत्यक्ष शेयर र लगानीको व्यवस्था हुनुपर्दछ ।

(ञ ) कुनै पनि आयोजनाबाट उत्पादन हुने खानेपानी, बिजुली र सिँचाइजस्ता अधिकार र सुविधाहरूको यथाशक्य सहुलियतमा प्रयोग गर्ने पहिलो अधिकार प्रभावित क्षेत्रका बासिन्दाहरूमा हुनुपर्दछ ।

(ट) नदीनालामा आश्रित जनसमुदायको नियमित जीविकोपार्जन तथा पर्यावरणीय सन्तुलनका लागि आवश्यक जलप्रवाह निरन्तर कायम राख्ने प्रावधान हुनुपर्दछ ।

pdfMachine
A pdf writer that produces quality PDF files with ease!
Produce quality PDF files in seconds and preserve the integrity of your original documents. Compatible across nearly all Windows platforms, if you can print from a windows application you can use pdfMachine.
Get yours now!

(ठ) वातावरणीय तथा सामाजिक प्रभाव न्यूनीकरणका लागि पर्याप्त बजेटसहित स्थानीय नेतृत्वमा तिनको उचित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गरिनुपर्दछ ।

(ड) ठूला तथा विनाशकारी बाँधहरूको सट्टा साना तथा मझौला बाँधरहित (रन् अफ् द रिभर) आयोजनाहरूलाई प्राथमिकता दिनुपर्दछ तथा विश्व बाँध आयोगले अघि सारेका मापदण्ड र अन्तर्राष्ट्रिय कानुनका आधारभूत प्रावधानहरूको अनिवार्य पालना हुनुपर्दछ । स्थानीय जनता तथा निकायको सुसूचित, अग्रीम र स्वतन्त्र सहमति भएको खण्डमा मात्र कुनै पनि आयोजनाहरू कार्यान्वयन गर्ने प्रावधान हुनुपर्दछ ।

( ढ) वातावरण विनाश र विश्व तापमानमा भएको वृद्धिले हिमाल पग्लिरहेका कारण कुनै पनि नदीहरूको भविष्य अनिश्चित भएकाले वायु तथा सौर्य ऊर्जाजस्ता वैकल्पिक तर निर्विकल्प साबित भइरहेका ऊर्जाशक्तिको विकासलाई उच्च प्राथमिकता दिइनुपर्दछ ।

(ण) कोशी, गण्डक, महाकाली, पश्चिमसेती, माथिल्लोकर्णाली र अरुण ३ जस्ता असमान एवम् राष्ट्रघाती सन्धिसम्झौता र कराहरूको खारेज गरी राष्ट्रिय हितमा समानतामा आधारित नयाँ सिद्धान्त र मान्यताका आधारमा नयाँ सन्धिसम्झौता र करारहरू सम्पन्न गर्ने कार्य प्रारम्भ गरिनुपर्दछ ।

(त) नेपाल हुँदै भारततर्फ बग्ने सम्पूर्ण नदीनालाहरूको संरक्षण र उपयोगका निमित्त दुबै देशका जनताहरूसँगको परामर्श र अनुमोदनका आधारमा सानातिना खोलानालाहरूका हकमा समेत अलगअलग वा एकीकृत सन्धिसम्झौता हुने व्यवस्था गरिनुपर्दछ । हाल नेपाल-भारत सीमाक्षेत्रमा भारतद्वारा एकतर्फीरूपमा निर्मित लक्ष्मणपुर, कोइलावास, महलीसागर, रसियावाल, खुर्द-लोटन, लालबकैया, कुनौलीखाँडो जस्ता सम्पूर्ण विनाशकारी तटबन्ध र बाँधसंरचनाहरू भत्काउने तथा कृत्रिम बाढीबाट प्रभावित जनताहरूलाई भारत सरकारबाट उचित क्षतिपूर्ति दिलाउने व्यवस्था हुनुपर्दछ ।

(थ ) जनस्तरबाट पारित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घोषणापत्र र कार्यक्रमहरूको पालना तथा हिमाली क्षेत्रका नदी, ताल र वातावरणको संरक्षणका निमित्त अलग्गै एक खाका क्षेत्रीय सम्झौता (regional framework convention) को तर्जुमा गरिनुपर्दछ ।

( द) नेपालका नदीनालाहरूलाई समेत जबर्जस्ती समावेश गर्दै भारतले एकतर्फीरूपमा कार्यान्वयनको पर्खाइमा रहेको विनाशकारी बृहत नदी जडान आयोजना (Inter-Linking of Rivers Project) को विरोध गर्दै नेपाल सरकारको धारणा तत्काल सार्वजनिक गरिनुपर्दछ ।

## ७. अभियानका लागि हाम्रा भावी कार्यक्रमहरू

(क) प्रत्येक जिल्ला, गाउँ विकास समिति तथा आयोजनाप्रभावित क्षेत्रमा शाखा विस्तार गर्ने ।

(ख) नयाँ सरकार तथा राजनीतिक पार्टीहरू र सम्बन्धित सङ्घसस्थाहरूसँग नियमित सम्पर्क, संवाद र सहकार्यको विकास गर्ने ।

(ग) सभा, सम्मेलन, छलफल र पैदलयात्राजस्ता जनजागरणमूलक कार्यक्रमहरूको नियमित सञ्चालन गर्ने ।

(घ) आइतवारे मञ्चनामक अन्तर्क्रिया कार्यक्रमलाई देशव्यापीरूपमा नियमित सञ्चालन तथा विस्तार गर्ने ।

(ङ) कोशी, गण्डक, महाकाली, पश्चिमसेती, माथिल्लोकर्णाली र अरुण ३ जस्ता असमान एवम् राष्ट्रिय हितविपरीत भएका सन्धिसम्झौता र करारनामाहरू खारेज, पुनरावलोकन वा संशोधन गर्ने ।

(च) खानेपानी तथा बिजुलीजस्ता आधारभूत सार्वजनिक सेवाहरूको निजीकरण, व्यापारीकरण तथा विदेशीकरणका विरुद्ध प्रभावकारी अभियान गर्ने ।

(छ) नयाँ संविधान निर्माणप्रक्रियामा व्यापक सहभागी हुने ।

(ज) अन्तर्राष्ट्रिय नदीनालाहरूमाथि नेपालको वर्तमान एवम् भावी स्वामित्व र पहुँच कायम गर्दै वातावरण संरक्षण र मौसम परिवर्तनका प्रतिकूल प्रभावहरूको न्यूनीकरणका निमित्त विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अभियान र सञ्जालहरूको निर्माण तथा परिचालन गर्ने ।

**pdfMachine**
**A pdf writer that produces quality PDF files with ease!**
Produce quality PDF files in seconds and preserve the integrity of your original documents. Compatible across nearly all Windows platforms, if you can print from a windows application you can use pdfMachine.
Get yours now!